आज मिति २०७६ साल माघ १७ गते शुक्रवारका दिन बेसीशहर नगरपालिकाका प्रमुख श्री गुमान सिंह अर्यालज्यू को अध्यक्षतामा नगर कार्यपालिकाको ४५ औं बैठक तपशिल बमोजिमको उपस्थितीमा बसी तपशिल बमोजिमको छलफल भै निर्णयहरू गरियो ।

उपस्थिती

१) प्रमुख श्री गुमान सिंह अर्याल
२) उप प्रमुख श्री लक्ष्मीदेवी अधिकारी
३) वडा अध्यक्ष वडा नं १ श्री बलराम श्रेष्ठ
४) " " " २ श्री गणेश बहादुर कँडेल (रक्षी)
५) " " " ३ श्री सूर्य कुमार श्रेष्ठ
६) " " " ४ श्री लालवीर गुरुङ
७) " " " ५ श्री बम बहादुर गुरुङ
८) " " " ६ श्री भोज बहादुर रिमाल
९) " " " ७ श्री गोविन्द बहादुर कस्नेत
१०) " " " ८ श्री पवित्रा थापा राना
११) " " " ९ श्री शरद बराल
१२) " " " १० श्री पूर्ण बहादुर थापा
१३) " " " ११ श्री अच्युत बाबु बगाले
१४) कार्यपालिका सदस्य श्री विष्णु माया राना
१५) " " " श्री मन्दिरा दराई
१६) श्री देव बहादुर गहतराज
१७) श्री अजय मजाकोटी
अनुपस्थित १८) श्री मनमाया गुरुङ
१९) श्री दोज बहादुर खवास
२०) श्री कृष्ण नेपाली
२१) श्री आशा तामाङ
२२) सदस्य सचिव श्री मोहन प्रसाद मरासिनी

सहजकर्ता कर्मचारी

२३) कार्यक्रम अधिकृत श्री भेषेन्द्र पोखरेल
२४) अधिकृत श्री इश्वर कमल श्रेष्ठ

बेसीशहर नगर कार्यपालिकाको मिति २०७६/१०/१७ को बैठक

## निर्णयहरु

**निर्णय नं. १: संशोधत आय अनुमान सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको मिति २०७६ असार ५ गते सम्पन्न पाचौं नगरसभाबाट स्वीकृत भएको आय अनुमानलाई देहाय वमोजिम संशोधन गरी स्वीकृतिका लागि छैठौं नगरसभा समक्ष पेश गर्ने निर्णय गरियो ।

*देहाय :*

| क्र.सं. | विवरण/ शिर्षक | रकम (रु हजारमा) | | |
|---|---|---|---|---|
| | | पाचौं नगरसभाबाट स्वीकृत आय | छैठौं नगरसभामा पेश गरिने संशोधित आय | कैफियत |
| १ | संघीय समानीकरण अनुदान | १३६१०० | १३६१०० | |
| २ | प्रदेश समानीकरण अनुदान | १२५२३ | १२५२३ | |
| ३ | संघीय राजश्व बाँडफाँड | १०४५०९ | १०४५०९ | |
| ४ | प्रदेश राजश्व बाँडफाँड | ७९७० | ७९७० | |
| ५ | आन्तरिक आय/अल्या समेत | ६२८१० | ७२८३६ | |
| ६ | संघीय शसर्त अनुदान | २१९५०० | २३००६० | |
| ७ | प्रदेश शसर्त अनुदान | १०००० | १०५०० | |
| ८ | सामाजिक सुरक्षा | १२०००० | १२०००० | |
| ९ | संघीय समपुरक अनुदान | ० | १३३०० | |
| १० | संघीय विशेष अनुदान | ० | ५००० | |
| ११ | प्रदेश समपुरक/विशेष अनुदान | ५०००० | ५००० | |
| १२ | सडक बोर्ड | ६००० | ४५०० | |
| १३ | प्रधानमन्त्री रोजगार कार्यक्रम | १०००० | १०००० | |
| १४ | संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ० | २५०० | |
| १५ | लमजुङ दरबार हेरचाह प्रदेश | ० | ४५०० | |
| १६ | सामाजिक विकास मन्त्रालय प्रदेश | ० | ५५० | |
| | जम्मा | ७३,९४,१२ | ७३,९८,४८ | |

**निर्णय नं. २: चालु आवको अर्धबार्षिक प्रगति समीक्षा सम्बन्धमा**

चालु आव २०७६।०७७ को अर्धबार्षिक प्रगति समीक्षा (भौतिक तथा वित्तिय) गरियो । साथै समीक्षाको क्रममा वैठकमा प्राप्त भएका प्रगति र सुझावहरु समेत समावेश गरी अर्धबार्षिक प्रगति प्रतिवेदन छैठौं नगरसभा समक्ष प्रस्तुत गर्ने निर्णय गरियो ।

बेसीशहर नगर कार्यपालिकाको मिति २०७६/१०/१७ को बैठक

**निर्णय नं. ३ : चालु आवको समपुरक योजना सम्बन्धमा**

राष्ट्रिय योजना आयोगमा समपुरक अनुदानको लागि आयोजना प्रस्ताव पेश भए वमोजिम चालु आव २०७६।०७७ मा कार्यान्वयन गर्ने गरी ***बेसीशहर युनिभर्सल चोक मकैडाँडा सडक स्तरोन्नति*** आयोजना स्वीकृत भई अर्थ मन्त्रालयबाट रु. १,३३,००,०००।- ( एक करोड तेत्तीस लाख मात्र) बजेट समेत प्राप्त भएको हुँदा समपुरक अनुदान कार्यविधि वमोजिम ५० प्रतिशत लागत साझेदारी गर्नु पर्ने भएकोले उक्त योजनाको लागि प्रदेश सरकारसंग पूर्वाधार योजना लागत साझेदारी शिर्षकको रु ५०,००,०००।- (पचास लाख) र पूर्वाधार विकास फुटकर योजना शिर्षकबाट रु ८३,००,०००।- (त्रियासी लाख) गरी जम्मा रु.१,३३,००,०००।- (एक करोड तेत्तीस लाख) नगरपालिकाबाट लागत साझेदारी गर्नका लागि छैठौं नगरसभा समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ : विधेयक, नियमावली तथा कार्यविधि नगरसभामा पेश गर्ने सम्बन्धमा ।**

देहायका विधेयक, नियमावली तथा कार्यविधिहरुका सम्बन्धमा छलफल भई स्वीकृतिका लागि नगरसभा समक्ष पेश गर्ने निर्णय गरियो ।

**देहाय :**

१.स्थानीय वातावरण तथा प्राकृतिक श्रोत संरक्षण सम्वन्धी विधेयक २०७६
२.पूर्वाधार व्यवस्थापन विधेयक २०७६
३.सुशासन विधेयक २०७६
४.खेलकुँद विकास विधेयक २०७६
५.नगर प्रहरी विधेयक २०७६
६.शिक्षा ऐन २०७४ संशोधन विधेयक
७.सार्वजनिक खरीद नियमावली २०७६
८.तालिम सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७६
९.उपप्रमुखसंग महिला विकास कार्यक्रम सञ्चालन कार्यविधि २०७६
१०.पशु विकास कार्यक्रम अनुदान कार्यविधि २०७६
११.सार्वजनिक समारोह सञ्चालन कार्यविधि २०७६
१२.स्वास्थ्य संस्था संचालन कार्यविधि २०७६

**निर्णय नं. ५ : समपुरक र विशेष अनुदानतर्फ प्रदेश मन्त्रालयमा पठाउने आयोजना/कार्यक्रम सम्बन्धमा ।**

प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयबाट समपुरक र विशेष अनुदानतर्फ आर्थिक वर्ष २०७७।०७८ का लागि प्रत्येकमा ३/३ वटा आयोजना/कार्यक्रम प्राथमिकता तोकी पठाउने सम्बन्धी प्रकाशित सूचना अनुसार यस बेसीशहर नगरपालिकाबाट देहायका आयोजना तथा कार्यक्रम छनौट गरी गण्डकी प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय र अन्य सम्बन्धित मन्त्रालयहरुमा पठाउने निर्णय गरियो ।

देहाय :

**समपुरक अनुदानतर्फ :**

१.धुरपुरे दुईथोक विम्दा सितलेस्वाँरा बाखेजगत सडक स्तरोन्नति
२.भकुण्डे पुरानकोट सडक स्तरोन्नति
३.कर्पुरेश्वर पार्क निर्माण बेसीशहर नपा ८

**विशेष अनुदानतर्फ :**

१.चिसापानी स्वास्थ्यचौकी निर्माण बेसीशहर नपा ३
२.सारिङ उपस्वास्थ्य चौकी निर्माण बेसीशहर नपा ६
३.रामचोकफाँट सिंचाई आयोजना निर्माण बेसीशहर नपा ११

बेसीशहर नगर कार्यपालिकाको मिति २०७६/१०/१७ को बैठक

**निर्णय नं. ६ : प्रदेश सरकारबाट लमजुङ दरबार हेरचाह शिर्षकमा प्राप्त बजेट सम्बन्धमा ।**

संघीय सरकारबाट प्रदेश सरकारमा हस्तान्तरण भई प्रदेश सरकारबाट बेसीशहर नगरपालिका लमजुङ स्थित लमजुङ दरबारको नाममा चालु आव २०७६।०७७ मा विनियोजित बजेट रु ४५,००,०००।- (पैंतालीस लाख मात्र) हतियार खरीद शिर्षक अन्तर्गत प्राप्त भएको सन्दर्भमा छलफल हुँदा सो दरबारमा हाल हतियारको आवश्यकता नरहेको र लमजुङ दरबारमा कार्यरत कर्मचारीहरुका लागि तलब भत्ता लगायतका अन्य सुविधाको रकम समेत विनियोजन नभएको हुनाले उक्त रकमलाई चालु खर्च र पूर्वाधार निर्माण तथा दरबार संरक्षण सम्बन्धी पूर्वाधार विकासमा विनियोजन हुने व्यवस्थाको लागि संघीय/प्रदेश सरकारमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ : बैंकहरुलाई लेखी पठाउने सम्बन्धमा ।**

बेसीशहर नगरपालिका भित्र सञ्चालित व्यवसायहरुमध्ये हालसम्म पनि नगरपालिकामा व्यवसाय सूचीकृतको प्रमाण पत्र लिन धेरै व्यवसायीहरु बाँकी रहेको पाइएको हुँदा सो कार्यमा समेत सहयोग पुऱ्याउनको लागि नगरपालिका भित्र रहेका बैंकहरुले सेवाग्राहीहरुको घरजग्गा धितो राख्ने क्रममा नगरपालिकाले प्रदान गरेको व्यवसाय सूचीकृत प्रमाणपत्रको प्रतिलिपी समेत अनिवार्यरुपमा संलग्न राखी ऋण प्रदान गरिदिने व्यवस्था हुन नगरपालिका भित्र रहेका सवै बैंकहरुलाई लेखी पठाउने निर्णय गरियो ।

**निर्णय नं. ८ : होमस्टेको लागि रकम विनियोजन गर्ने सम्बन्धमा ।**

प्रदेश सरकार उद्योग,पर्यटन, वन तथा वातावरण मन्त्रालयको होमस्टे परियोजना प्रस्ताव आह्वानको सूचना अनुसार यस बेसीशहर नगरपालिका भित्र साविकमा सञ्चालन भइरहेका तथा नयाँ स्थापना हुने सामुदायिक होमस्टेहरुबाट विभिन्न योजना तथा कार्यक्रम सञ्चालनको लागि प्रस्ताव पेश गरेका होमस्टेहरुको लागि नगरपालिकाको तर्फबाट लागत साझेदारी स्वरुप कुल रकमको १० प्रतिशत लागत व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ : सट्टा शिक्षकहरुको पारिश्रमिक सम्बन्धमा**

पढाउने शिक्षकको अभावमा देहायका तीन विद्यालयहरुमा कार्यरत सट्टा शिक्षकहरुलाई मासीक रु ५०००।- ( पाँच हजार) का दरले पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो ।

**देहाय :**

| | |
|---|---|
| १.भविष्य निर्माण प्रावि बेसीशहर नपा १० पाङ्ग्रेक्यु | रु. ३०,०००।- |
| २.बुद्धि विकास प्रावि बेसीशहर नपा १० साँधु, | रु. १५०००।- |
| ३.बालरत्न प्रावि बेसीशहर नपा ११ बस्नेतगाउँ | रु. १५,०००।- |

**निर्णय नं. १० : खेलाडीहरुलाई सम्मान गर्ने सम्बन्धमा ।**

बेसीशहर ७ स्थित त्रिवेणी युवा क्लबले हालै पोखरामा सञ्चालित मुख्यमन्त्रीकप फुटवल प्रतियोगिता प्रथम भई कप जित्न सफल भएकोमा सो क्लव र सम्बद्ध खेलाडीहरुलाई हार्दिक बधाई ज्ञापन गर्दै सो खेलमा सहभागी खेलाडीहरुलाई जनही रु ५ हजारका दरले सम्मान गर्ने निर्णय गरियो ।